नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## आर्थिक प्रशासन शाखा

सानोठिमी, भक्तपुर

प.सं. : आ.प्र. २०७५/७६ फोन : ६६३३०२९

च.नं.: ३२

मिति : २०७५/०६/२२

विषय : विद्यालय लेखापरीक्षण सम्वन्धमा ।

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सबै ।

श्री जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई सबै ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको च.नं. ३७२ मिति २०७५/०६/१७ को पत्रबाट विद्यालयहरूको आ.व. २०७४/७५ को लेखापरीक्षण सम्वन्धमा स्पष्टताको लागि लेखी आएको सम्वन्धमा कारवाही हुँदा देहाय बमोजिम गर्ने यस केन्द्रको मिति २०७५/६/२२ को निर्णय भएको हुँदा सो अनुरूप कार्यान्वयन हुन अनुरोध छ ।

१. स्थानीय सरकार कार्यसंचालन ऐन, २०७४ को दफा ११ (२) को ज मा विद्यालयहरूको समग्र व्यवस्थापनको कार्य साथै विद्यालयको लेखा तथा आर्थिक अनुशासन सम्बन्धी कार्य समेत स्थानीय तहको रहेको देखिदा विद्यालयहरूको लेखापरीक्षण सम्वन्धमा साविक जिल्ला शिक्षा कार्यालयबाट सम्पादन हुँदै आएको कार्य स्थानीय तहबाट गर्ने, गराउने ।

२. स्थानीय तहले नेपाल चार्टड एकाउन्ट संस्थाको स्वीकृत मापदण्ड र शिक्षा नियमावली, २०५९ को नियम २५ (१) को ढ१ र नियम २६ (१) को ञ बमोजिमको प्रक्रिया पुरा गरी मात्र विद्यालयहरूको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ती गर्ने ।

..........................

(सुनिता खनाल)

लेखा अधिकृत